जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक २५५ २०७९ साल जेठ ३ गते मंगलबार (17 May 2022 Tuesday) मूल्य रु. ५/-

**Log in :** *rajbirajdainik.com.np*

जंगली च्याउहरु विषालु पनि हुनसक्छन्, त्यसैले राम्ररी पहिचान गरेरमात्र खाऔं।

खेती गरेर उमारेका च्याउमात्र खाने गरौं। अमुल्य जीवन सुरक्षित गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : बाइस वर्षे युवाले.. ३ पृष्ठमा : अरुण-४ आयोजना निर्माणका लागि ... ३ पृष्ठमा पाकिस्तानको पेसावरमा गोली...

## सप्तरीमा ३० वडाको नतिजा जसपा र काँग्रेस शिर्ष स्थानमा

**दैनिक समाचारदाता**
**राजविराज २, जेठ।**

स्थानीय तह निर्वाचनका क्रममा सप्तरीका विभिन्न वडाहरुको नतिजा आउने क्रम जारि रहेको छ।

जिल्लाका १८ स्थानीय तहमध्ये सोमबार साँझसम्म कुनै पनि पालिकाको सम्पूर्ण परिणाम आउन सकेको छैन। यद्दपी ३० वटा वडाको परिणाम आइसकेको छ।

हालसम्म जसपा र काँग्रेसले ८/८ वडामा जित हात पारेको छ। यस्तै एमालेका ४, लोसपाका र जनमत ३/३ तथा नेकपा माओवादी र नेकपा एकिकृत समाजवादीका २/२ जना विभिन्न पालिकाको वडा अध्यक्ष पदमा जित हात पारेका छन्।

सप्तरीका १८ पालिकामध्ये अहिले १६ पालिकामा मतगणना कार्य भइरहेको छ। जिल्लाको डाक्नेश्वरी नगरपालिका २ र रुपनी गाउँपालिका ७ मा निर्वाचनको क्रममा विवाद उत्पन्न भएपछि स्थगित गरिएको निर्वाचन आईतवार र सोमवार सम्पन्न भएको छ। उक्त दुवै मतदान केन्द्रको मतपेटिका ल्याउने काम सम्पन्न भई मंगलवार बिहानैदेखि उक्त पालिकाको पनि मतगणना शुरु गर्ने तयारी गरिएको जिल्ला निर्वाचन कार्यालय सप्तरीले जनाएको छ।

हाल मतगणना भइरहेको १६ पालिका मध्ये नेपाली काँग्रेस र जसपा ५/५ स्थानमा अग्रता लिएको छ। यस्तै नेकपा एमाले, लोसपा २/२ तथा नेकपा माओवादी केन्द्र र जनमत पार्टी १/१ स्थानमा अग्रता लिएका छन्।

यता निर्वाचित जनप्रतिनिधिहरुले फरक फरक शैलीमा विजय जुलुस प्रदर्शन गर्न थालेका छन्। कसैले ब्याण्ड बाजा बजाएर, कसैले अविर यात्रा निकालेर त कसैले लड्डु बाडेर त कसैले जेसिभिमा बसेर विजयी जुलुस निकालेका छन्।




*सप्तरीको हुनमाननगर कंकालिनी नगरपालिका वडा नं. १४ रम्पुरा मल्हनियामा जसपाका वडा अध्यक्ष पदमा कृष्णकुमार यादव (कृष) बिजयी भएपछि जेसिभि बसेर बिजयी जुलुस निकाल्दै कार्यकर्ताहरु।*

## कामपाको प्रमुखमा स्वतन्त्र उम्मेदवार साहको अग्रता

काठमाडौं, २ जेठ (रासस)।

काठमाडौं महानगरपालिकामा प्रमुख पदका स्वतन्त्र उम्मेदवारको अग्रता कायमै रहेको छ।

पछिल्लो मतपरिणामअनुसार प्रमुख पदका स्वतन्त्र उम्मेदवार बालेन्द्र साहले पाँच हजार ६९२ मत प्राप्त गरी आफ्नो अग्रता कायम राख्नुभएको छ।

नेकपा (एमाले) का केशव स्थापितले दुई हजार ९९२ र नेपाली कांग्रेसका सिर्जना सिंहले दुई हजार ६९२ मत प्राप्त गर्नुभएको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ।

एमालेको तर्फबाट उपप्रमुख पदको उम्मेदवार सुनिता डङ्गोलले पाँच हजार ८९६, नेकपा (एकीकृत समाजवादी) का रामेश्वर श्रेष्ठले एक हजार ६३२ मत प्राप्त गर्नुभएको छ।

निर्वाचन कार्यालयले गणना केन्द्र थप गर्ने तयारी गरेको पनि जनाएको छ। हाल राष्ट्रिय सभागृहबाट कामपाको मत गणना भइरहेको छ। अहिले २, ३, ४, ५, ३१ र ३२ मत गणना कार्य भइरहेको छ।

वडा नम्बर १ को मतपरिणाम आइतबारनै सार्वजनिक भइसकेको छ। मत परिणामअनुसार एमालेका उम्मेदवार भरतलाल श्रेष्ठ अध्यक्ष पदमा विजय हुनुभएको छ।

केही समयभित्र वडा दुईको पनि मतपरिणाम सार्वजनिक गरिने काठमाडौं जिल्लाका निर्वाचन अधिकृत प्रेमकुमार श्रेष्ठले जानकारी दिनुभयो। कामपामा हालसम्म १४ हजार ७७८ मत गणना भएको जनाइएको छ।

## सगरमाथामा ६२ वर्षीय वरिष्ठ अधिवक्ता भुसालको पाइला

काठमाडौं, २ जेठ (रासस)।

वरिष्ठ अधिवक्ता ६२ वर्षीय विष्णु भुसालले विश्वको सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण गर्नुभएको छ।

उहाँ सोमबार विहान ०७.३० बजे सगरमाथाको चुचुरोमा पुग्नुभएको हो। भुसालको आरोहणको व्यवस्थापन गरेको हिमालयन सेपर्डका अनुसार सगरमाथाको सफल आरोहण गर्ने उहाँ पहिलो अधिवक्ता हुनुहुन्छ।

विश्व समुदायसँग कार्बन उत्सर्जन कम गर्न अनुरोध गर्दै उहाँले सगरमाथाको सफल आरोहण गर्नुभएको हो।

नेपाल बार एसोसिएसनको लोगो अङ्कित झण्डासहित भुसाल वैशाख २ गते सगरमाथा आरोहणमा जानु भएको थियो। अमेरिकाबाट वातावरणीय तथा प्राकृतिक स्रोतसम्बन्धी कानूनमा स्नातकोत्तर उहाँले विभिन्न राष्ट्रिय

## ४९ स्थानीय तहको प्रमुखका साथ कांग्रेस पहिलो स्थानमा

काठमाडौं, २ जेठ (रासस)।

गत वैशाख ३० गते सम्पन्न स्थानीय तह सदस्य निर्वाचनको मत परिणाम आउने क्रम जारी छ।।

सोमबार अपराह्न १:३० बजेसम्म सार्वजनिक ११८ स्थानीय तहको मत परिणामअनुसार नेपाली कांग्रेस पहिलो स्थानमा रहेको छ।

नेकपा (एमाले) दोस्रो र नेकपा (माओवादी केन्द्र) तेस्रो स्थानमा छन्। कांग्रेसले हालसम्म सात प्रमुख र ४२ अध्यक्षसहित ४९ पालिकाको नेतृत्व आफ्नो हातमा पारेको छ। कांग्रेस चार उपप्रमुख र ५० उपाध्यक्षमा विजयी भएको छ।

यस्तै तीन प्रमुख र ३८ अध्यक्षसहित ४१ पालिकामा एमाले र एक प्रमुख र २२ अध्यक्षसहित २३ पालिकामा माओवादी केन्द्र विजयी भएको निर्वाचन आयोगले जनाएको छ। एमाले पाँच उपप्रमुख र ३१ उपाध्यक्ष तथा माओवादी दुई उपप्रमुख र १५ उपाध्यक्षमा विजयी भएको छ। नेकपा ( एकीकृत समाजवादी) ले दुई अध्यक्ष र छ उपाध्यक्ष तथा अन्य दलले पनि दुई पालिका अध्यक्ष र चार उपाध्यक्ष जितेका छन्। यस्तै नेपाल मजदुर किसान पार्टीले एक प्रमुख र एक उपप्रमुख जितेको छ।

यो समाचार तयार पार्दासम्म कांग्रेस एक हजार ७१ वडामा विजयी भएको छ। कांग्रेसका तर्फबाट एक हजार ६६ महिला सदस्य, एक हजार ३२ दलित महिला सदस्य र दुई हजार १२० वडा सदस्य विजयी भएका छन्। यस्तै एमाले ८२१ वडामा विजयी भएको छ। एमालेले ८८३ महिला सदस्य, ८६४ दलित महिला सदस्य र एक हजार ७७९ वडा सदस्य जितेको छ।

यसैगरी माओवादी केन्द्रले ४५८ वडामा जित हासिल गरेको छ। माओवादीका तर्फबाट ४३० महिला सदस्य, ४५८ दलित महिला सदस्य र ८०४ वडा सदस्य निर्वाचित भएका छन्। एकीकृत समाजवादीले ६७ वडामा जित हासिल गरेको छ। अन्य दल र स्वतन्त्रका तर्फबाट १७८ जना वडाध्यक्षमा निर्वाचित भएका छन्।

## चटचाङले झापामा युवाको मृत्यु

झापा, २ जेठ (रासस)।

आइतबार राति अविरल वर्षासँगै परेको चटचाङ लागेर हल्दिबारी गाउँपालिका-२ राइटोल निवासी २६ वर्षीय भेना हास्दा नामक युवाको मृत्यु भएको छ।

उहाँलाई राति घरबाट शौचालय जान बाहिर निस्किएको अवस्थामा चटचाङ लाग्दा घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय झापाका प्रवक्ता बसन्त पाठकले बताउनुभयो।

जनज्योती कृषि सहकारी संस्था लि. स्था.-२०६८ ★ मलेठ, सप्तरी ★

## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

# संघीय संसद्को वर्षे अधिवेशन मंगलबारदेखि

काठमाडौं, २ जेठ (रासस)।

संघीय संसद्को दुवै सदनको अधिवेशन मङ्गलबारदेखि सुरु हुने भएको छ। मन्त्रिपरिषद्को सिफारिसका आधारमा राष्ट्रपति विद्यादेवी भण्डारीले गत वैशाख २५ गते अधिवेशन आह्वान गर्नुभएको थियो। मन्त्रिपरिषद्ले सोही दिन नै सिफारिस गरेको थियो।

बैठक मङ्गलाबार दिनको ४ बजे अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र नयाँ बानेश्वरमा बोलाइएको छ। प्रतिनिधिसभाको बैठकको तयारीका बारेमा सँभर्टं मात्रै सभामुख अग्निप्रसाद सापकोटाले जानकारी लिनुभएको छ। बानेश्वरस्थित सङ्घीय संसद्भवन रहेको सम्मेलन केन्द्रमा पुगेर उहाँले बैठकको तयारीका बारेमा जानकारी लिनुभएको सभामुखका प्रेसविज्ञ श्रीधर न्यौपानेले जानकारी दिनुभयो।

यस्तै, सभामुख सापकोटाले मङ्गलबार दिउँसो २:३० बजे कार्यव्यवस्था परामर्श समितिको बैठक आह्वान गर्नुभएको छ। अघिल्लो बैठक प्रमुख प्रतिपक्षी नेकपा (एमाले)को लगातारको अवरोधका कारण नियमित रुपमा सञ्चालन हुन सकेको थिएन। यद्यपि, अमेरिकी सहयोग परियोजना (एमसिसी)लगायतका केही विषयलाई भने प्रतिनिधिसभाले निष्कर्षमा पुऱ्याएको थियो।

कार्यव्यवस्था परामर्श समितिको बैठकले नै कार्यसूची लगायतका विषयमा निर्णय गर्नेछ। एमालेले बैठकमा के गर्ला भन्ने चासो पनि उत्तिकै छ। त्यसो त सङ्घीय संसद् सचिवालयका तर्फबाट केही सम्भावित कार्यसूची सार्वजनिक भएको छ।

वर्षे अधिवेशन पनि भएकाले सरकारको नीति तथा कार्यक्रम र बजेटसमेत यसै अधिवेशनमा प्रस्तुत हुनेछ। सम्भावित कार्यसूचीमा सभामुखले राष्ट्रपतिबाट प्राप्त अधिवेशन आह्वानसम्बन्धी पत्रको व्यहोरा पढेर सुनाउने, राष्ट्रपति कार्यालयबाट प्राप्त मन्त्रिपरिषद् गठनसम्बन्धी पत्र वाचन गर्ने सम्भावित कार्यसूची छ।

त्यस्तै, सभामुखले प्रतिनिधिसभा नियमावली, २०७५ अनुसार अध्यक्षता गर्ने सदस्यको मनोनयन गर्नुहुनेछ। सङ्घीय संसद् सचिवालयका महासचिव डा भरतराज गौतमका अनुसार सम्भावित कार्यसूचीमा कानुन, न्याय तथा संसदीय मामिलामन्त्री गोविन्दप्रसाद शर्मा कोइरालाले 'फौजदारी कसुर तथा फौजदारी कार्यविधिसम्बन्धी केही ऐनलाई संशोधन गर्ने अध्यादेश, २०७८ र 'यौन हिंसा विरुद्धका केही ऐनलाई संशोधन गर्ने अध्यादेश, २०७८' पेस गर्नुहुनेछ।

त्यस्तै, अर्थमन्त्री जनार्दन शर्माले 'आव २०७९/८० का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव बाहेक) माथि छलफल गरियोस्' भनी प्रस्ताव प्रस्तुत गर्नुहुने सम्भावित कार्यसूची छ।

# बाइस वर्षे युवाले निर्वाचनमा रचेको इतिहास...

**रमेश लम्साल**

काठमाडौँ, २ जेठ (रासस)।

स्थानीय तहको निर्वाचनको नतिजा आउने क्रम जारी छ। गत वैशाख ३० गते सम्पन्न भएको स्थानीय तहको निर्वाचनमा युवा विद्यार्थी तथा सञ्चारकर्म छाडेर सक्रिय राजनीतिमा प्रवेश गरेकाले समेत जीत हासिल गरेका छन्। स्थानीय तहलाई संविधानले अधिकार सम्पन्न बनाएको छ। नेपालको संविधान जारी भएपछि दोस्रो पटक भएको निर्वाचनले फरकफरक आयाम पनि स्थापित गरेको छ।

काठमाडौँमा स्वतन्त्र उम्मेदवारी दिएका बालेन्द्र साहको चर्चा भइरहेको बेला मधेस प्रदेशको एक स्थानीय तहमा २२ वर्षे युवाले इतिहास रचेका छन्। तराई मधेसमा राजनीतिमा आउन र स्थापित हुन अझै गाह्रो छ। सामाजिक तथा आर्थिक विषयले पनि त्यति सहज नभएको जानकारहरूले टिप्पणी गरिरहेको बेला राजाबाबु यादवको जीत आफैँमा महत्वपूर्ण देखिन्छ।

राजनीतिमा प्रौढ र वृद्धहरूको मात्रै बोलवाला चलिरहेको छ भन्ने चर्चाका बीच युवाको सशक्त उपस्थितिले सकारात्मक प्रभाव पारेको छ। सोमबार सार्वजनिक भएको परिणामअनुसार रामनगर गाउँपालिकाको अध्यक्षमा निर्वाचित राजाबाबु यादव मात्रै २२ वर्षका हुनुहुन्छ। उहाँले चार हजार ८१ मत प्राप्त गरी विजयी हुनुभएको हो।

नेकपा (माओवादी केन्द्र)का तर्फबाट उम्मेदवारी दिनुभएका यादव माओवादी जनयुद्धले स्थापित गरेको मूल्य र मान्यतालाई स्थापित गराउन राजनीतिमा युवाको सहभागिता बढाउनुपर्छ भन्ने मान्यताका साथ आफू जनतामा गएको बताउँदै आउनुभएको थियो।

उहाँका निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका हरिनन्दप्रसाद यादवले दुई हजार ३९२ मत मात्रै प्राप्त गर्नुभएको छ। राजाबाबुको समूहबाटै उपाध्यक्षमा गीता देवी निर्वाचित हुनुभएको छ। उहाँले कूल तीन हजार ५२३ मत हासिल गर्नुभएको छ। बाइस वर्षीय युवकले निर्वाचनमा जीत हासिल गरेको समाचार सार्वजनिक भएपछि सामाजिक सञ्जालमा उहाँको व्यापक चर्चा भएको छ।

त्यस्तै स्थानीय तहको निर्वाचनमा केही समयअघिसम्म सञ्चारकर्ममा रहेकाले समेत विजयी भएका छन्। प्रेस सेन्टर नेपालका केन्द्रीय सदस्यसमेत रहनु भएका रमेश आचार्य धादिङको धुनीबेंसी नगरपालिका-६ बाट वडाध्यक्षमा निर्वाचित हुनुभएको छ।

सत्ता गठबन्धनका साझा उम्मेदवारका रूपमा रहनु भएका आचार्य धादिङको पत्रकारितामा सक्रिय हुनुहुन्थ्यो। स्थानीय तहको निर्वाचनमा नेकपा (माओवादी केन्द्र)का तर्फबाट उम्मेदवारी दिनुभएका आचार्यले ८१७ मतका साथ जीत हासिल गर्नुभएको हो। उहाँका निकटतम प्रतिस्पर्धी नेकपा (एमाले) का विजय तामाङले ५३२ मत प्राप्त गर्नुभएको थियो। प्रेस सेन्टर नेपाल जाजरकोटका पूर्व जिल्ला अध्यक्ष वसन्तप्रसाद शर्मा भेरी नगरपालिका ४ को वडा अध्यक्षमा निर्वाचित हुनुभएको छ।

त्यस्तै, सोलुखुम्बुको थुलुङ दूधकोशी गाउँपालिका-७ को वडाध्यक्षमा पत्रकार भोजराज कार्की निर्वाचित हुनुभएको छ। नेकपा (माओवादी केन्द्र)बाट उम्मेदवार बनेका कार्कीले ४१२ मत ल्याएर कांग्रेसका मणिराम राईलाई पराजित गर्नुभएको हो।

सो वडामा कार्कीको प्यानल नै निर्वाचित भएको छ। कार्की नेपाल पत्रकार महासङ्घ सोलुखुम्बु शाखाका उपाध्यक्ष तथा प्रेस सेन्टर नेपालका केन्द्रीय सदस्यको जिम्मेवारीसमेत सम्हाल्नुभएको थियो। थुलुङ दूधकोशी गाउँपालिका अध्यक्ष र उपाध्यक्षमा पनि माओवादी केन्द्रका उम्मेदवारले नै जीत हासिल गनुभएको छ।

यसैगरी, दार्चुलाको मालिकार्जुन गाउँपालिकाको अध्यक्षमा निर्वाचित नेकपा (एमाले) का हिरासिंह धामी पनि पूर्वसञ्चारकर्मी नै हुनुहुन्छ। उहाँले चार हजार ३४ मत प्राप्त गरी निर्वाचित हुनुभएको हो।

उहाँका निकटतम प्रतिस्पर्धी कांग्रेसका निवर्तमान अध्यक्ष नरेन्द्र सिंह धामीले तीन हजार ३२२ मत प्राप्त गर्नुभएको थियो। पत्रकार महासङ्घ दार्चुला, बैतडी संयुक्त शाखाका संस्थापक उपाध्यक्षको जिम्मेवारीसमेत सम्हाल्नुभएका धामीले दुई दशक बढी समय पत्रकारितामा बिताउनुभएको थियो। उहाँले निवर्तमान अध्यक्ष नरेन्द्र धामीलाई पराजित गर्नुभएको हो। सो गाँउपालिकाको उपाध्यक्षमा भने माओवादी केन्द्रका कल्यानसिंह धामी निर्वाचित हुनुभएको छ।

पछिल्ला दिनमा युवा तथा विद्यार्थी क्रमशः राजनीतिमा सक्रिय सहभागिता जनाएको स्पष्ट देखिन्छ। स्थानीय तहको निर्वाचनमा उम्मेदवार भई विजयीसमेत हुनेमा विद्यार्थी राजनीतिमा रहेका देखिएका छन्। माओवादी केन्द्र निकटको विद्यार्थी सङ्गठन अनेरास्ववियु (क्रान्तिकारी)को विभिन्न जिम्मेवारीमा रहेको नेताहरू क्रमशः गाउँपालिकाका अध्यक्ष र वडाध्यक्षमा निर्वाचित भएका छन्। राजनीतिक दलले क्रमशः आफ्नो समितिभित्र युवा तथा विद्यार्थीलाई सक्रियरूपमा सहभागी गराइरहेका छन्।

दार्चुलाको अपी हिमाल गाउँपालिकाको अध्यक्षमा विजयी भगतसिंह ठेकरे बोहोरा क्रान्तिकारीको सचिवको जिम्मेवारीमा हुनुहुन्थ्यो। गुल्मीको चन्द्रकोट गाउँपालिका-१ को अध्यक्षमा सत्तारूढ गठबन्धनका साझा उम्मेदवारका रुपमा रहनुभएका माओवादी केन्द्रका वडाध्यक्षमा उम्मेदवार घनश्याम खरेल निर्वाचित हुनुभएको छ।

खरेल अखिल (क्रान्तिकारी)का लुम्बिनी प्रदेश अध्यक्षको जिम्मेवारीमा हुनुहुन्थ्यो। सो गाउँपालिकामा सत्तारूढ गठबन्धनले वडा तहसम्म नै तालमेल गरेको थियो। सत्तारूढ पाँच दलीय गठबन्धनका साझा उम्मेदवारका रूपमा रहनुभएका खरेलले ५५२ मतसहित विजयी हुनुभएको हो। सो वडामा कूल ८०० मत खसेको थियो।

यस्तै सोही सङ्गठनका केन्द्रीय सदस्यको जिम्मेवारीमा रहेर काम गर्नुभएका तारा भण्डारी धादिङको गजुरी-१ को अध्यक्षमा निर्वाचित हुनुभएको छ। लामो समयसम्म अखिल (क्रान्तिकारी)को केन्द्रीय नेतृत्वमा रहनुभएका भण्डारी पछिल्ला दिनमा भने गजुरीमा फर्केर पार्टी राजनीतिमा सक्रिय हुनुभएको थियो।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिं आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

अनुरोधकर्ता - रुपनी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, रुपनी, सप्तरी



पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८



डा. सरोज कुमार साह

Dr. Saroj Kumar Sah

MBBS, MS Orthopaedics (BPKIHS) Dharan

Fellowship in Hand Surgery (CMC Vellore)

NMC Reg. No. : 13288

हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569



डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569



डा. कालीप्रसाद यादव

Dr. Kali Prasad Yadav

MBBS, MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)

NMC Reg. No. : 13203

कन्सलटेन्ट फिजिसियन

मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569



डा. जयन्ती यादव

Dr. Jayanti Yadav

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज

NMC No. : 15312

बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

बाझपन, कमजोरी, लिकोरिया, महिनावारी समस्याको सफल उपचार

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

# अरुण-४ आयोजना निर्माणका लागि प्राधिकरण र सतलजबीच समझदारीपत्रमा हस्ताक्षर

काठमाडौं, २ जेठ (रासस)।

सङ्खुवासभास्थित अरुण नदीमा पहिचान गरिएको अरुण-४ अर्धजलाशययुक्त जलविद्युत् आयोजना संयुक्तरुपमा निर्माण गर्नेसम्बन्धी द्विपक्षीय सम्झौतामा हस्ताक्षर भएको छ।

नेपाल विद्युत् प्राधिकरण र भारतको केन्द्रीय सरकार तथा हिमाञ्चल प्रदेश सरकारको संयुक्त उपक्रम सतलज जलविद्युत् निगमबीच समझदारी पत्रमा हस्ताक्षर भएको हो। प्रधानमन्त्री शेरबहादुर देउवा र उहाँका भारतीय समकक्षी नरेन्द्र मोदीको उपस्थितिमा सोमबार प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ र सतलजका अध्यक्ष तथा प्रबन्ध-सञ्चालक नन्दलाल शर्माले समझदारीपत्रमा हस्ताक्षर गर्नुभएको छ।

गत चैतमा प्रधानमन्त्री देउवाको भारत भ्रमणका क्रममा दुई देशका प्रधानमन्त्रीबीच भएको ऊर्जा क्षेत्रमा सहकार्यसम्बन्धी संयुक्त दृष्टिकोणपत्र बमोजिम सरकारी स्वामित्वका संस्थाको संयुक्त लगानीमा अरुण-४ को निर्माण अगाडि बढाउन लागिएको हो।

कूल ९०० मेगावाट क्षमताको अरुण तेस्रो जलविद्युत् आयोजनाबाट जतिनै अरुण-४ बाट नेपालले मासिकरुपमा २१.९ प्रतिशत निःशुल्क ऊर्जा पाउने छ। अरुण-४ सतलज जलविद्युत् निगमले निर्माण गरिरहेको अरुण तेस्रो जलविद्युत् आयोजनाको माथिल्लो तटीय क्षेत्रमा पर्दछ। अरुण तेस्रोको तल्लो तटीय क्षेत्रमा पर्ने ६७९ मेगावाटको तल्लो अरुण जलविद्युत् आयोजनाबाट नेपालले २१ प्रतिशत निःशुल्क विद्युत् पाउने गरी सतलजलाई नै दिइएको छ।

अरुण-४ मा अरुण तेस्रोमा जस्तै नेपालले २१.९ प्रतिशत निःशुल्क विद्युत् पाउने छ। यसका अतिरिक्त आयोजना निर्माण गर्न प्राधिकरण र सतलजको संयुक्त लगानीमा स्थापना हुने कम्पनीमा दुईवटा संस्थाको क्रमश : ४९ र ५१ प्रतिशत सेयर स्वामित्व रहने छ।

आयोजनाबाट उत्पादित विद्युत् बिक्री गर्न र आवश्यक पर्ने ऋण जुटाउन प्रवर्द्धक कम्पनीकातर्फबाट सतलज जलविद्युत् निगमले नै पहल गर्ने छ। यो आयोजनाबाट उत्पादित विद्युत् नेपालमै खपत गर्न सक्ने अवस्था रहेमा विद्युत् प्राधिकरणलाई नै किन्ने अधिकार प्राप्त हुनेछ। नेपालले खपत नगरेमा मात्र भारत अथवा बङ्गलादेशमा निर्यात गरिने छ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले २०७८ को कात्तिकमा अरुण-४ आयोजनाको सर्भेक्षण अनुमतिपत्र प्राधिकरणलाई दिएको थियो। आयोजनाको अहिले जडित क्षमता ४९०.२ मेगावाट रहेको छ।

आयोजनाबाट उत्पादित विद्युत् भारततर्फ निर्यात गर्ने गरी डिजाइन गर्दा आयोजनाको क्षमता विस्तार भई ६९५ मेगावाट पुग्ने प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले जानकारी दिनुभयो। आयोजनाको क्षमता ६९५ मेगावाटको २१.९ प्रतिशतले हुन आउने १५२ मेगावाट विद्युत् नेपालले निःशुल्क पाउने कार्यकारी निर्देशक घिसिङले उल्लेख गर्नुभयो।

"आयोजनाको क्षमता विस्तार भएमा सोहीअनुसार नेपालले मासिकरुपमा निःशुल्क विद्युत् पाउने छ, आयोजनाबाट उत्पादित विद्युत् हामीलाई आवश्यक परेमा किन्न पाउँछौं भने निःशुल्क विद्युत् भारत वा बङ्गलादेशमा बिक्रीका लागि खुल्ला हुनेछ", कार्यकारी निर्देशक घिसिङले भन्नुभयो।

प्राधिकरणले पाउने ४९ प्रतिशत शेयरमध्ये १० प्रतिशत आयोजना प्रभावित जिल्लाबासी र १५ प्रतिशत देशभरिका सर्वसाधारणलाई बिक्री गरिने छ। आयोजनाको अनुमतिपत्र लिँदा तिरेको करिब रु ५१ करोड र यससँग जोडिएका अन्य खर्च रकम आयोजना निर्माण गर्न खोलिने कम्पनीमा प्राधिकरणको शेयर लगानीमा पुँजीकरण गरिने छ।

कूल ९० दिनभित्रमा आयोजनाको सम्भाव्यता प्रतिवेदनको पुनरावलोकन गर्ने र १८ महिनाभित्रमा विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार तथा वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए) प्रतिवेदनको अद्यावधिक गर्ने उल्लेख छ।

अरुण-४ प्राधिकरणले निर्माण गर्न लागेको एकहजार ६१ मेगावाटको माथिल्लो अरुण जलविद्युत् आयोजनाको विद्युत् गृहभन्दा तल्लो तटमा पर्दछ। विद्युत् विकास विभागले सुरुमा अरुण-४ लाई नदीको वहावमा आधारित आयोजनाको रुपमा पहिचान गरेको थियो। तर, माथिल्लो अरुण अर्धजलाशययुक्त मोडलमा डिजाइन गरिएकाले यसबाट प्राप्त हुने पानीको बहावलाई सदुपयोग गरी अरुण-४ लाई पनि अर्धजलाशययुक्त बनाउने प्रस्ताव गरिएको छ।

अरुण-४को बाँधस्थल भोटखोला गाउँपालिका-४ र ५ स्थित अरुण नदी र लेक्सेवा दोभानभन्दा करिब १३० मिटर दक्षिण तथा कपासे र गोलावस्तीभन्दा उत्तरमा पर्दछ। बाँधमार्फत अरुण नदीको पानीलाई फर्काएर २.५५ किलोमिटर सुरुङमार्फत भूमिगत बालुवा थिग्राउने पोखरी (डिसेन्डर)मा लगिने छ। डिसेन्डरबाट पानीलाई ६.८ किलोमिटर सुरुङमार्फत मकालु गाउँपालिका-३ स्थित सजुवाबेसीमा भूमिगत विद्युतगृहमार्फत विद्युत् उत्पादन गरिने छ।

विद्युतगृहबाट विद्युत् उत्पादन गरी ४७३.४ मिटर टेलरेस सुरुङमार्फत पानीलाई पुनःअरुण नदीमा खसालिने छ। आयोजना मकालु बरुण राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा पर्दछ।

संखुवासभाको सदरमुकाम खाँदबारीबाट आयोजनाको विद्युत्गृह र बाँध क्षेत्र क्रमश : करिब ६२ र ७७ किलोमिटर टाढा रहेका छन्। कोसी राजमार्ग अन्तर्गत खाँदबारीदेखि आयोजना क्षेत्रसम्मको सडक खण्ड हाल स्तरोन्नति भइरहेको छ। बाँध क्षेत्र कोसी राजमार्गमा नै पर्दछ। विद्युतगृह क्षेत्र पुग्ने करिब दुई किलोमिटर ग्रामिण सडक गाउँपालिकाले स्तरोन्नति गरिरहेको छ।

विभागले गरेको अध्ययनअनुसार आयोजनाको अनुमानित लागत करिब रु ७९ अर्ब १२ करोड बराबर छ। आयोजनाबाट वार्षिक औसत दुई अर्ब १४ करोड युनिट ऊर्जा उत्पादन हुने छ।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- बिहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा बिहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिं आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

अनुरोधकर्ता

तिरहुत गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, गोइठी, सप्तरी



**डा. आदर्श कुमार सिंह**

**Dr. Adarsh Kumar Singh**



MBBS, MD TU

NMC Reg. No. : 9413

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**



MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

वरिष्ठ नवजात शिशु तथा बालरोग

**सम्पर्क : जयश्री कृष्ण फार्मेशी**

गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी

**Phone :** 031-533774 / **Mo. No** : 9819721526, 9852820734


## विश्व समाचार

### पाकिस्तानको पेसावरमा गोली हानी दुई व्यापारीको हत्या

इस्लामावाद, २ जेठ (रासस/सिन्हवा)।

पाकिस्तानको पेसावर शहरमा आइतबार गोली हानेर दुई जना व्यापारीको हत्या गरिएको समाचार छ। समाचारअनुसार यहाँ दुई जना स्थानीय व्यापारीलाई मोटरसाइकलमा आएका अज्ञात व्यक्तिले गोली हानेका थिए।

पेसावरको प्रहरीले दिएको जानकारीअनुसार आइतबार साँझ मोटर साइकलमा आएका दुई अज्ञात व्यक्तिले ती दुई जना व्यापारीको हत्या गरेर भागेका थिए। यस घटनाको कारण खुल्न सकेको छैन। पेसावर प्रहरीका प्रवक्ताले अल्पसंख्यक जातीका ती व्यापारीलाई गोली हानेपछि सो क्षेत्रका सबै पसल बन्द गरिएको थियो।

ती आक्रमणकारीको खोजीकार्य जारी रहेको पेसावर प्रहरी कार्यालयले जनाएको छ। उक्त हत्याकाण्डपछि सो क्षेत्रका अल्पसंख्यक जातीका नागरिकले दोषीलाई पक्राउ गरी कडा कारबाही गर्न माग गरेका थिए।

### श्रीलङ्कामा भीषण बाढी, ६०० भन्दाबढी परिवार प्रभावित

कोलम्बो, २ जेठ (रासस/सिन्हवा)।

श्रीलङ्कामा शनिबारदेखि जारी रहेको अविरल वर्षाका कारण भीषण बाढी आएको छ। सो बाढीका कारण यहाँ पहिरो पनि गएको बताइएको छ। राजधानी कोलम्बोबाट दक्षिणमा रहेको रतनपुरा जिल्लामा बाढीको प्रकोप बढी देखिएको छ। यस प्रकोपमा परेर ६०० भन्दा बढी परिवारका दुई हजार २९० विस्थापित हुन पुगेका बताइएको छ।

यहाँका मौसमसम्बन्धी अधिकारीले वर्षा अझै जारी रहने भएकाले सतर्कता अपनाउन भनेका छन्। सो जिल्लाका ८२ भन्दाबढी घर भत्किएका छन् भने अरु भौतिक संरचनामा पनि बाढीले क्षति पुर्‍याएको छ। सो बाढीका कारण आएको पहिरोका साथै वर्षा जारी नै रहेकाले यहाँको धेरै क्षेत्र प्रभावित बनाउन सक्ने अनुमान गरिएको छ।

### भारतमा एक दिनमा दुई हजार २०२ कोरोना सङ्क्रमित

नयाँदिल्ली, २ जेठ (रासस/सिन्हवा)।

भारत २४ घण्टाको समयावधि अर्थात आइतबार मध्यरातिसम्म दुई हजार २०२ व्यक्ति कोरोनाका थप सङ्क्रमित भएपछि यहाँ कूल सङ्क्रमितको सङ्ख्या चार करोड ३१ लाख २३ हजार ८०१ पुगेको केन्द्रीय स्वास्थ्य मन्त्रालयले सोमबार बिहान जानकारी दिएको छ।

विगत केही महिनायता न्यून विन्दुमा पुगेको कोरोना भाइरस सङ्क्रमणको पुनःकेही दिनयता नयाँ सङ्क्रमितको सङ्ख्या दुई हजार नाघेको छ। यसका साथै २४ घण्टाको समयमा महामारीका कारण थप २७ को मृत्यु भएपछि देशभर कोरोनाबाट मृत्यु हुने व्यक्तिको सङ्ख्या पाँच लाख २४ हजार २४१ पुगेको छ। भारतभरी अझै पनि सक्रिय सङ्क्रमित १७ हजार ३१७ रहेका पनि सो मन्त्रालयले जानकारी दिएको छ।

चौविस घण्टाको समयावधि अर्थात आइतबार मध्यरातिसम्म दुई हजार ५५० कोरोना निको भएका छन्। यसैसँगै हालसम्म चार करोड २५ लाख ८२ हजार २४३ लाई कोरोना सङ्क्रमण निको भएको छ।

### स्वीडेनले नेटो आणविक हतियार विस्तारको विरोध गर्ने

रूस (मस्को), २ जेठ (रासस-एएनआई/स्पुतनिक)।

सत्तारुढ स्वीडिस सोशल डेमोर्क्याटिक पार्टीले नेटो आणविक हतियार र आफ्नो भूमिमा सैन्य अखडा तैनाथ गर्ने कार्य गरिए त्यसको विरोध गर्ने बताएको छ। "सामाजिक प्रजातन्त्रवादीले स्वीडेनले आफ्नो सदस्यता आवेदन स्वीकृत गरेमा आणविक हतियार र स्वीडेनको भू-भागमा स्थायी सैन्य अड्डाको तैनाथीको बिरूद्ध एकपक्षीय रिजर्भेसन व्यक्त गर्ने काम गर्नेछ," पार्टीले विज्ञप्ति जारी गर्दै भनेको छ।

यसअघि आइतवार, पार्टीले नेटो सदस्यताको लागि समर्थन गर्ने आधिकारिक निर्णय गरेको थियो। छिमेकी छिमेकी फिनल्याण्डले नेटोमा सामेल हुने आधिकारिक निर्णयको घोषणा गरेको केही घण्टापछि स्वीडेनको यस्तो प्रतिक्रिया आएको हो।

### फिनल्याण्ड र स्वीडेनको नेटो सैन्य गठबन्धनमा सामेल हुने निर्णय गम्भीर गल्तीः रुस

मस्को, २ जेठ (रासस-एएफपी)।

रुसले सोमबार चेतावनी दिँदै फिनल्याण्ड र स्वीडेनको नेटो सैन्य गठबन्धनमा सामेल हुने निर्णय गम्भीर गल्ती हुने बताएको छ। "यो अर्को गम्भीर गल्ती हो जसको दूरगामी परिणाम छन्," उपविदेशमन्त्री सर्गेई र्याबकोभलाई रुसी समाचार एजेन्सीले भनेका छन्।

# अन्तर्राष्ट्रिय प्रतिष्ठा, प्रख्याति र पर्यटन विकासमा लुम्बिनीको महत्व : ओली

काठमाडौं, २ जेठ (रासस) । नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले नेपालको अन्तर्राष्ट्रिय प्रतिष्ठा, प्रख्याति र पर्यटन विकासमा लुम्बिनीको विशेष महत्व रहेको बताउनुभएको छ । २५६६औं बुद्ध जन्मजयन्तीको अवसरमा सोमबार शुभकामना सन्देश दिँदै उहाँले विश्व शान्ति, मानव कल्याण र अहिंसाका प्रणेता गौतम बुद्धप्रति उच्च सम्मान व्यक्त गर्नुभएको छ ।

"हामीले आकर्षक पूर्वाधार विकासको माध्यमबाट संसारभरिका बुद्धमार्गीसँगै पर्यटकको आकर्षणको केन्द्रका रुपमा लुम्बिनीको विकासमा उच्च महत्व दिएका छौं," उहाँले सन्देशमा भन्नुभएको छ, "फलस्वरुप सोमबार बुद्धको जन्मस्थललाई सिधै अन्तर्राष्ट्रिय हवाई सम्पर्कमा लैजान सफल भएका छौं ।"

उहाँले सयुक्त राष्ट्र सङ्घको संलग्नतामा तर्जुमा गरिएको लुम्बिनी विकास गुरुयोजनाको कार्यान्वयन भइरहेको जानकारीसमेत गराउनुभएको छ । लुम्बिनी विश्व शान्ति सहरको परिकल्पनालाई साकार रुप दिन एमाले नेतृत्वको सरकारले सार्थक प्रयास गरेको उल्लेख गर्दै उहाँले लुम्बिनीमा पाँच हजार ध्यानीहरुले एकै पटक ध्यान गर्न सक्ने क्षमताको हल आफूहरुले निर्माण गरेको दावी गर्नुभएको छ ।

अध्यक्ष ओलीले लुम्बिनी सिद्धार्थ गौतम बुद्धको जन्मस्थल हुनुका साथै बुद्ध दर्शनको उद्गमस्थल रहेको जनाउनुभएको छ ।

# हालसम्म १३० पालिकाको मतपरिणाम सार्वजनिक

काठमाडौं, २ जेठ (रासस) । स्थानीय तह निर्वाचनको जारी मतगणनाअन्तर्गत हालसम्म १३० वटा पालिकाको सम्पूर्ण परिणाम सार्वजनिक भएको छ ।

वैशाख ३० गते विभिन्न कारणले निर्वाचन अवरुद्ध भएका २९ र उम्मेदवारको मृत्यु भएका कारणले जेठ ३ गते निर्वाचन हुने दुई स्थानीय तह र गोरखाको चुम्नुब्री गाउँपालिकाबाहेक अन्य सबै पालिकामा मतगणना कार्य जारी रहेको निर्वाचन आयोगले जनाएको छ ।

सोमबार अपराह्न ३:३० बजेसम्म आयोगको सूचना प्रणालीमा प्रविष्ट भएअनुसार प्रमुख १३, अध्यक्ष ११७, उपप्रमुख १३, उपाध्यक्ष ११७, वडाध्यक्ष दुई हजार ६७९, वडा सदस्य पाँच हजार ३१८, महिला वडा सदस्य दुई हजार ६७८, दलित महिला सदस्य दुई हजार ६४७ गरी कूल १३ हजार ५८२ जना उम्मेदवार (निर्विरोध समेत) निर्वाचित हुनुभएको छ । कूल ७५३ पालिकामा गरी ३५ हजार २२१ पदका रहेका छन् । गणना कार्यमा ढिलाइ भएको सम्बन्धमा पत्रकारहरूले सोधेको प्रश्नमा आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले ६४ लहरसम्मको ठूलो मतपत्र हुनु, महानगरलगायत धेरै मतदाता रहेका स्थानमा जनशक्ति, सीसी क्यामरालगायतको व्यवस्थापनका कारणले ढिलाइ भएको र यसबारे आयोगले थप निर्णय गरी गणना छिटो सक्न आग्रह गरेको बताउनुभयो ।

विभिन्न कारणले मतदान अवरुद्ध भएका मतदान केन्द्रमध्ये सोमबार धनकुटा जिल्लाको शहीदभूमि गाउँपालिका वडा नम्बर ६ को ठाकुरदेवी मावि, सप्तरीको रुपनी गाउँपालिका वडा नम्बर ५ को गाविस भवन, रामेछापको खाँडादेवी गाउँपालिका वडा नम्बर १ को वडा कार्यालय भवन, सुर्खेतको सिम्ता गाउँपालिका वडा नम्बर ३ को भगवती मावि, बझाङको केदारस्यूँ गाउँपालिका वडा नम्बर ४ को जगन्नाथ उच्च मावि, बझाङको सुर्मा गाउँपालिका वडा नम्बर २ को आदारबगर मावि र बझाङकै सुर्मा गाउँपालिका वडा नम्बर ३ कृष्ण प्रावि मतदान केन्द्रमा शान्तिपूर्ण ढङ्गले मतदान भएको छ ।

स्थगन भएकामध्ये जेठ ३ गते काभ्रेपलान्चोकको पाँचखाल नगरपालिका वडा नं. १३ को श्रीराम मावि मतदान केन्द्र, कञ्चनपुरको पुनर्वास नगरपालिकाको वडा नं १० को विजय मावि मतदान केन्द्र, बाजुराको बूढीनन्दा नगरपालिकाको वडा नं ८ को पिस क्रियटर एकेडेमी मतदान केन्द्र र अछामको पञ्चदेवल विनायक नगरपालिकाको वडा नं ५ को नवज्योति मावि मतदान केन्द्रमा मतदान हुने तय भएको छ ।

यसैगरी जेठ ४ गते तनहुँको व्यास नगरपालिकाको वडा नं. ८ को गाविस भवन फेदी मतदान केन्द्रमा पुनः मतदान हुँदैछ । पुनः मतदान गर्नुपर्ने अन्य मतदान केन्द्रमा पनि केही दिनभित्रमा मतदान गर्ने गरी सूचना प्रकाशन हुने आयोगका प्रवक्ता पौडेलले जानकारी दिनुभयो । आयोगले मतगणनाको परिणाम आयोगको वेबसाइट resul.telection.gov.np मा हेर्न सकिने व्यवस्था गरेको छ ।

# थप सात जनामा संक्रमण पुष्टि

काठमाडौं, २ जेठ (रासस) । देशभर पछिल्लो २४ घण्टामा थप सात जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ ।

पछिल्लो २४ घण्टामा दुई हजार ७८५ जनाको नमूना परीक्षण गरिएको थियो । एक हजार ५४६ जनाले पिसिआर र एक २३९ जनाको एन्टिजिन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

सो अवधिमा नौजना कोरोना भाइरसबाट संक्रमणमुक्त भएका छन् । यससँगै संक्रमण मुक्त हुनेको संख्या नौ लाख ६६ हजार ९१३ पुगेको छ । संक्रमणमुक्त हुने दर ९८ दशमलव आठ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।

पछिल्लो २४ घण्टामा कसैले पनि कोभिडविरुद्धको खोप लगाएका छैनन् । हाल सक्रिय संक्रमितको संख्या १३९ रहेको छ । अहिलेसम्म कोरोनाबाट मृत्यु हुनेको संख्या ११ हजार ९५२ पुगेको छ । होम आइसोलेशनमा १३९ जना संक्रमित रहेका छन् ।

हाल देशभरमा दुई सयभन्दा बढी सक्रिय सङ्क्रमित भएका जिल्लाहरू कुनै पनि छैनन् । शून्य संक्रमित रहेका जिल्लाहरु ओखलढुङ्गा, खोटाङ, सोलुखुम्बु, पाँचथर, संखुवासभा, तेह्रथुम, धनकुटा, पर्सा, सप्तरी, रौतहट, दोलखा, भक्तपुर, धादिङ, सिन्धुपाल्चोक, मनाङ, मुस्ताङ, म्याग्दी, बाग्लुङ, कास्की, स्याङजा, रुकुम पूर्व, कपिलवस्तु, जाजरकोट, जुम्ला, डोल्पा, हुम्ला, रुकुम पश्चिम, कालीकोट, मुगु, बाजुरा, दार्चुला, बझाङ र डडेलधुरा रहेका छन् ।

उपत्यकाका तीन जिल्लामध्ये हाल काठमाडौंमा ३१ र ललितपुर १२ सक्रिय संक्रमित रहेको मन्त्रालयले जनाएको छ ।

# वीरगञ्ज महानगरपालिकामा गठबन्धनका सिहंको अग्रता कायमै

वीरगञ्ज, २ जेठ (रासस) । मधेस प्रदेशको एक मात्र महानगरपालिका पर्साको वीरगञ्ज महानगरपालिकाको पछिल्लो मतगणनानुसार प्रमुख पदमा सत्ता गठबन्धनका उम्मेदवार राजेशमान सिंहले तीन हजार १४९ मतान्तरले अग्रतालाई निरन्तरता दिनुभएको छ ।

सिंहले पाँच हजार ७२६ मतसहित अग्रता कायम गर्नुभएको हो । नेकपा (एमाले)का उम्मेदवार विजयकुमार सरावगीले दुई हजार ५७७ मतसहित उहाँसँग प्रतिस्पर्धामा हुनुहुन्छ । महानगरपालिकाको पछिल्लो मतगणना अनुसार वडा नं. १, २, ३, ३०, ३१ र ३२ को पछिल्लो मतगणनानुसार उक्त मत परिणाम बाहिर आएको हो । मतगणना गर्न लामो समय लाग्ने भएका कारणले अन्तिम नतिजा आउन एक साता लाग्नेछ ।

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आवश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | धाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोबाईल नं. ९८५२८२०९३५

## चट्याङबाट बचौ र बचाऔं।

**चट्याङबाट बच्न,**

घरबाहिर हुनुहुन्छ भने,
- अग्लो र एक्लो रुखमुनि नबस्ने,
- पौडिने, माछा मार्ने तथा ऱ्याफ्टिङजस्ता क्रियाकलाप नगर्ने,
- खुल्ला मैदानमा नबस्ने,
- धातुबाट बनेका तारबार नजिक नबस्ने,

घरभित्र हुनुहुन्छ भने,
- विद्युतीय सामग्रीहरू जस्तै टीभी, कम्प्युटर, फ्रिज, वासिङ मेसिन नजिक नबस्ने र प्रयोग नगर्ने,
- तारसहितको टेलिफोन (ल्याण्डलाईन) प्रयोग नगर्ने,
- घरबाट बाहिर ननिस्किने,
- धारामा नुहाउने, लुगा धुने र भाँडा माझ्ने काम नगर्ने।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
City Express Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शेखर,
मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेबसाइट : rajbirajdainik.com.np